# भरतपुर महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन

३ नं. प्रदेश, नेपाल

प.सं. ०७६/७७ सा.प्र.म.शा.

च.नं. ६४६

मिति २०७६/०५/०८

**विषयः निर्णयको प्रतिलिपि पठाइएको ।**

श्री वडा कार्यालयहरु (सबै),
भरतपुर महानगरपालिका ।

प्रस्तुत विषयमा भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको मिति २०७६/०५/०७ गते बसेको बैठकबाट पारित निर्णयको प्रतिलिपि पाना– ३ (तीन) यसै पत्रसाथ संलग्न राखी पठाइएको व्यहोरा निर्देशानुसार अनुरोध छ ।

..............................
(अर्जुन पौडेल)
शाखा अधिकृत

**बोधार्थः**

श्रीमान् प्रमुखज्यू, भरतपुर महानगरपालिका (सादर अवगतार्थ)

श्रीमान् उप-प्रमुखज्यू, भरतपुर महानगरपालिका (सादर अवगतार्थ)

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू, भरतपुर महानगरपालिका (सादर अवगतार्थ)

श्री सूचना तथा सञ्चार प्रविधि शाखा, भरतपुर महानगरपालिकाः उक्त निर्णय भरतपुर महानगरपालिकाको Website मा राख्नुहुन ।

श्री महाशाखा/शाखा/ईकाई (सबै), भरतपुर महानगरपालिकाः आवश्यक कार्यार्थ ।

056-520167 521467 530062 526951 522252 525771 Fax 056-5200

## नगर कार्यपालिकाको ३२औं कार्यपालिका बैठक (मिति २०७६ भाद्र ०७ गते) का निर्णयहरु

१. वार्षिक कार्यक्रम पुस्तिकामा समेटिने आयोजनाहरूमा प्रदेश र संघसँग दोहोरोपन नहुने गरी विषयगत समितिको निर्णय समेतको आधारमा पुस्तिकालाई अन्तिम रुप दिने र यसअघि प्राविधिकसहितको टोलीले सम्वन्धित वडासँगको समन्वयमा तीन दिनभित्र प्रस्तावित आवश्यकताअनुसार फिल्ड निरीक्षण गरी नगरस्तरीय आयोजनाहरुलाई अन्तिम रुप दिने निर्णय गरियो ।

२. आ. व. २०७६/०७७ को वार्षिक कार्यक्रम सार्वजनकीकरण गत आ. व. को वार्षिक समीक्षा एवं सार्वजनिक सुनुवाई कार्यक्रम चालु वर्षको कार्यक्रम पुस्तिका प्रकाशित भएपछि एकै दिन एउटै कार्यक्रम भाद्र २७ गते संचालन गर्ने निर्णय गरियो ।

३. भरतपुर महानगरपालिकाको तत्काल सुधार कार्ययोजनालाई सुझाव सहित अन्तिम रुप दिई कार्यान्वयनमा ल्याउने निर्णय गरियो ।

४. शिक्षक दरवन्दी मिलान तथा विद्यालय समायोजन कार्यविधि, २०७६ लाई सुझाव अनुरुप परिमार्जन गरी पारित गर्ने निर्णय गरियो ।

५. मेला, महोत्सव तथा प्रदर्शनी संचालन कार्यविधि, २०७६ सुझाव सहित गरी पारित गर्ने निर्णय गरियो ।

६. वडाहरूका विद्युत पोलका वत्तिको व्यवस्थापन टोल विकास समितिमार्फत वडा कार्यालयहरुले नै व्यवस्थापन गर्ने गरी महानगरपालिकाले आवश्यक सहजीकरण गर्ने निर्णय गरियो ।

७. नक्सापास नभएका संरचनाको सम्पत्ति कर र व्यवसाय दर्ता सम्बन्धमा प्राविधिकबाट संरचना निरीक्षण गराई आर्थिक ऐन, २०७६ को अनुसूची १० बुँदा ५.३.३ को अस्थायी टहरा गोदाम बमोजिम शुल्क लिई घर कायम र भूमिकर (मालपोत) ऐन बमोजिम नै लिई व्यवसाय दर्ता गर्ने निर्णय गरियो।

८. विविध

८.१. नेपाल भ्रमण वर्ष, २०२० को लागि देहायवमोजिमको भरतपुर महानगरस्तरीय सहजीकरण तथा आयोजक समिति गठन गर्ने निर्णय गरियो। साथै समितिमा बसेर योगदान गर्ने आधारसहित प्रस्ताव आएमा समितिमा थप सदस्य समावेश गर्ने अधिकार अध्यक्ष (नगर प्रमुख) मा रहनेगरी अधिकार प्रत्यायोजन समेत गरियो ।

अध्यक्ष नगर प्रमुख

| | |
|---|---|
| सदस्य | नगर उपप्रमुख |
| सदस्य | जिल्लास्थित राजनैतिक दलका प्रमुख वा प्रतिनिधि (३) |
| सदस्य | प्रमुख जिल्ला अधिकारी |
| सदस्य | भरतपुर व्यारेक प्रमुख |
| सदस्य | जिल्ला प्रहरी कार्यालय प्रमुख |
| सदस्य | शसस्त्र प्रहरी बल नं १७ बाहिनी प्रमुख |
| सदस्य | वडाध्यक्षहरु सबै र कार्यपालिका सदस्यहरु सबै (३७) |
| सदस्य | उद्योग वाणिज्य संघ चितवन |
| सदस्य | चितवन उद्योग संघ चितवन |
| सदस्य | देवघाट क्षेत्र विकास समिति |
| सदस्य | चितवन राष्ट्रिय निकुञ्ज |
| सदस्य | जिल्ला जनस्वास्थ्य कार्यालय |
| सदस्य | पर्यटन प्रहरी कार्यालय, पटिहानी |
| सदस्य | पत्रकार महासंघ चितवन |
| सदस्य | पर्यटन पत्रकार मञ्च, चितवन |
| सदस्य | भरतपुर बिमानस्थल कार्यालय |
| सदस्य | चितवन पर्यटन विकास समिति |
| सदस्य | मेघौली पर्यटन विकास समिति |
| सदस्य | पटिहानी पर्यटन विकास समिति |
| सदस्य | होटल व्यवसायी संघ, चितवन |
| सदस्य | चितवन होटल तथा रेष्टुरेन्ट व्यवसायी संघ |
| सदस्य | क्षेत्रीय होटल संघ पश्चिम, चितवन |
| सदस्य | सामुदायिक वन उपभोक्ता समिति (ज्ञानेश्वर व्लक) |
| सदस्य | सामुदायिक होमस्टे |
| सदस्य | सामुदायिक वन महासंघ |
| सदस्य | ट्राभल एजेन्सी महासंघ, चितवन |
| सदस्य | आदिवासी जनजाति महासंघ |
| सदस्य | मध्यवर्ती क्षेत्र उपभोक्ता समिति (४) |

२५/५/८

सदस्य पर्यटक प्रवर्द्धक तथा पर्यटन क्षेत्रमा क्रियाशील व्यक्तिहरुमध्ये ५ जना

सदस्य सचिव प्रमुख प्रशासकीय अधिकृत

८.२. नगर प्रहरी छनोट सम्बन्धमा स्वास्थ्य परीक्षण र अन्तर्वार्ता प्रक्रिया अगाडि बढेको जानकारी गराइयो । साथै नगर प्रहरी निरीक्षकको हकमा अन्तरवार्ताको लागि सेवानिवृत्त भएको पुष्टी हुने प्रमाणसहित उपस्थित हुन जानकारी गराउने निर्णय गरियो ।

८.३. महानगरभित्र क्रसर संचालन सम्बन्धमा महानगरीय आयोजनामा आवश्यक हुने ढुङ्गा गिटी लगायत नदीजन्य सामग्रीको परिमाण एकिन गरी जिल्ला प्रशासन कार्यालय समेतको सहमतिमा साविकदेखि सञ्चालनमा रहेको वा अन्य उपयुक्त स्थानमा निश्चित समयको लागि संचालन अनुमति दिने ।

८.४. देहायका आयोजनामा बढी जम्मा भएको जनसहभागिताको रकम फिर्ता गर्ने सम्बन्धमा:

क. गौतम चोक देखि शिवालय मन्दिरसम्मको बाटोको रकम रु.१६०७४०/-

ख. हङकङ बजार मोजाक्टायल राख्ने कार्यको रकम रु. ४,५८,२६८/-

८.५. अस्वस्थ भई अस्पताल भर्ना हुनुभएका भरतपुर महानगरपालिका वडा नं. १६ का वडा अध्यक्ष चतुरमान गुरुङलाई शीघ्र स्वास्थ्य लाभको कामना गरियो । साथै निजको स्वास्थ्यउपचार सम्वन्धमा महानगरको तर्फबाट हुनसक्ने अन्य आवश्यक सहयोग समेत गर्ने निर्णय गरियो ।

८.६. भरतपुर महानगरपालिका वडा नं १३ का अध्यक्ष प्रकाश दवाडीका पीता खडानन्द दवाडीको असामयिक निधनप्रति भावपूर्ण समवेदनासहित शोकप्रस्ताव पारित गर्ने निर्णय गरियो । साथै वडा नं १ का अध्यक्ष जयराम श्रेष्ठका भाइ भानु श्रेष्ठ एवं वडा नं ४ का सदस्य अर्पण पोखरेलका बुबा पूर्णकान्त पोखरेलको निधनप्रति समेत समवेदना प्रकट गर्दै शोकप्रस्ताव पारित गरियो ।